मासिक
# विपद् बुलेटिन
विपद् जोखिम न्यूनीकरण र निजी क्षेत्र विशेषांक
अंक: १०
२०७८ चैत

## यस भित्र

२ विपद् प्रतिकार्यमा निजी क्षेत्रको भूमिका बढाउन आवश्यक छ
३ विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको सहभागितामा जोड
४ राजापुरको बाढीजन्य विपद्मा निजी क्षेत्रको सक्रियता
६ महिला संलग्न उद्यममा विपद् जोखिम न्यूनीकरणको पहल बढाउन आवश्यक

# विपद्जन्य व्यवसायिक जोखिम र निजी क्षेत्र




नेपालमा भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, खडेरी, हिमपहिरो जस्ता प्राकृतिक विपद् बारम्बार आइरहन्छन् । झाडापखाला, स्वाइन फ्लु, डेंगुजस्ता स्वास्थ्यजन्य विपद् पनि आइरहन्छन् । पछिल्लो समय विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९को महामारीले जनधनको ठूलो क्षति गरेको छ । यस्ता विपद्का घटनाले सामाजिक, आर्थिक क्षेत्रका आधारहरूलाई पनि नकारात्मक असर गरेको छ । सरकारी आँकडा अनुसार नेपालमा हरेक वर्ष औसतमा पाँच सयभन्दा बढी विपद्का घटना हुने गर्छन् । एक अध्ययन अनुसार सन् १९७१ देखि २०१५ सम्मको अवधिमा विभिन्न किसिमका विपद्का कारण नेपालमा ४० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । यो तथ्यले नेपालमा विपद्का कारण हरेक दिन औसतमा दुई जनाको ज्यान जाने गरेको देखाउँछ । विपद्कै कारण गएको ४५ वर्षमा ७५ हजारभन्दा धेरै व्यक्ति घाइते भएका छन् भने ३० लाख व्यक्ति प्रभावित भएका छन् । नेपालको कुल क्षेत्रफलको ६० प्रतिशत भूभाग र कुल जनसंख्याको ८० प्रतिशत मानिस सधैं कुनै न कुनै विपद्को जोखिममा छन् ।

विपद्बाट यस किसिमका नोक्सानी वेला-वेलामा भइरहने हुनाले यस्ता क्षतिलाई न्यून गर्नका लागि राहत र उद्धार मात्र होइन, प्रतिकार्य क्षमता बढाउने र पूर्वतयारी सामर्थ्य विकासको अपरिहार्य छ । विपद्बाट भएका घटना र सिकाईका आधारमा पछिल्लो समयमा विपद् व्यवस्थापन र विपद् प्रतिकार्यमा सार्वजनिक एवं गैरसरकारी क्षेत्रको सहभागिताका साथसाथै निजी क्षेत्रको सहभागिता पनि बढ्नुपर्छ भन्ने आवाज बाक्लिन थालेको छ । नेपालको निजी क्षेत्रले हरेक विपद् राहत र उद्धारमा उल्लेख्य योगदान गरेको छ । यस्तो योगदान विपद्को पूर्वतयारी तथा क्षमता विकासमा पनि विस्तार गर्नुपर्ने आवश्यकता कोरोना महामारीले औंल्याएको छ । नेपाल सरकारको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रमुख दिलकुमार तामाङ विपद् प्रतिकार्य अन्तर्गत खासगरी पूर्वतयारी र क्षमता विकासमा निजी क्षेत्रको संलग्नताको आवश्यकता बढेकाले सरकारले नीतिगत रूपमै यो सवाललाई सम्बोधन गरेको बताउँछन् । सेन्डाइ फ्रेमवर्कले पनि विपद् प्रतिकार्यमा निजी क्षेत्रको सहभागितालाई औंल्याएको छ । नेपालको विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यढाँचाले पनि निजी क्षेत्रको सहभागिताको आवश्यकता उल्लेख गरेको छ ।

बाढी लगायत प्राकृतिक विपद्को अवस्थामा प्रभावित जनतालाई आवश्यक राहतको व्यवस्था गर्न र उद्धार एवं पुनःस्थापनामा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने गर्दछ । नेपालको निजी क्षेत्रको हरेक विपद्मा राहत र उद्धारमा उल्लेख्य योगदान गरेको छ । त्यसका लागि निजी क्षेत्र आफैं जोखिम न्यूनीकरण तथा पूर्वतयारीका कार्यक्रम कायान्वयन गरी उत्थानशील अवस्थामा रहनु जरुरी हुन्छ । जोखिमको उपयुक्त विश्लेषण र मूल्यांकन गरी निजी क्षेत्रबाट क्षतिको पुर्नभरणको लागि जोखिम तथा क्षमताको आधारमा वित्तीय लगानी बढाउने उपयुक्त औजारको संयोजन गर्न सकिन्छ । विपद् प्रतिकार्य अर्न्तगत खासगरी पूर्वतयारी र क्षमता विकासमा निजी क्षेत्रको सम्बोधन गर्न सक्दछ । हाम्रो जस्तो बहुविपद्को जोखिमयुक्त देशमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा बहुपक्षीय साझेदारी बहुतहगत प्रयास र सम्बद्ध पक्षहरुको निरन्तर क्रियाशीलता जरुरी देखिन्छ ।

विपद्ले निजी क्षेत्रलाई पनि उत्तिकै असर गर्छ भन्ने त कोभिड महामारी, २०७२ सालको भूकम्प र २०७४ को बाढीले देखाएकै छ । विपद्कै कारण अहिले कतिपय उद्योगधन्दा चल्न नसक्ने अवस्थामा पुगेका छन्, कतिपय बन्दै भए । खासगरी, साना तथा मझौला उद्योग बढी प्रभावित भएका छन् । विपद् पूर्वतयारीमा निजी क्षेत्रको संलग्नताले यस्ता उद्योगहरूको निरन्तर सञ्चालन र यिनीहरूलाई पर्न सक्ने असर न्यून गर्न पनि सघाउनेछ । त्यसैले यस्तो सहकार्य सरकार र समुदायसँगसँगै निजी क्षेत्रको हितका लागि पनि प्रभावकारी र हितकारी छ ।

# विपद् प्रतिकार्यमा निजी क्षेत्रको भूमिका बढाउन आवश्यक छ



*चन्द्र ढकाल*
*वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ*

हरेक किसिमका विपद्को बेलामा सहयोगी भूमिका खेल्दै आएको निजी क्षेत्रले विपद् प्रतिकार्यमा आफ्नो योगदान र भूमिकालाई बढाउँदै लगेको छ । तर निजी क्षेत्रबाट भएको योगदानको व्यवस्थित योजना बनाउने र अभिलेख भने कमजोर छ । विपद् प्रतिकार्य संयुक्त प्रयासहरुबाट मात्र सफल हुन्छ तर यसलाई जति स्थानीयकरण गर्न सकियो त्यति नै प्रभावकारी र किफायती पनि हुन्छ भन्ने कुरा निजी क्षेत्रले पनि अनुभूत गर्न थालेको छ। निजी क्षेत्रले पनि विपद्मा आफ्नो संलग्नता बढाउन सरकार, गैरसकारी क्षेत्र, संचार क्षेत्र लगायतसंग हातेमालो गर्न आवश्यक रहेको महशुस गरेको छ। सरकारी नीति, संयन्त्र, योजनाले पनि निजी क्षेत्रको संलग्नतालाई जोड दिएको छ। पछिल्लो समयमा विपद् प्रतिकार्य लगायतका क्षेत्रमा निजी क्षेत्रको भूमिका बढाउनु पर्ने आवश्यकता बोध सबै क्षेत्रबाट भएको देखिन्छ। विपद्को क्षेत्रमा काम गरेको गैरसरकारी क्षेत्रले पनि निजी क्षेत्रलाई जोड्दै गएको छ । निजी क्षेत्र आफैले पनि विपद् प्रतिकिार्य अन्तर्गत राहतमा बढि केन्द्रित रहेको निजी क्षेत्रलाई पूर्व तयारी देखि क्षमता विकासमा समेत संलग्नत गराउन आवश्यक ठानेको छ। तर विपद्मा निजी क्षेत्रको व्यवसाय सुरक्षाको पाटो भने अझै छलफल र अभ्यासमा जति आउँन आवश्यक हो, त्यति मात्रामा आउँन सकेको छैन । यहि कुरालाई मध्यनजर गर्दै निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले समेत विभिन्न पहलहरु गरेको छ भने आफ्नो संलग्नतालाई पनि विस्तार गर्दै गएको छ। यसै सन्दर्भमा निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालसंग गरिएको कुराकानी यहाँ प्रस्तुत् गरिएको छ ।

**विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको भूमिका कस्तो रहेको छ ?**

विपद्बाट समाजको अन्य पक्ष जत्तिकै निजी क्षेत्र पनि प्रभावित बनेको हुन्छ । अझ कतिपय अवस्थामा त निजी क्षेत्रले बढी नै असर भोग्नुपर्ने हुन्छ । त्यस्ता अवस्थामा व्यावसायिक कृयाकलाप नै बन्द हुने स्थिति रहन्छ। त्यसलाई क्रमिकरुपमा चलायमान बनाउनु पर्ने हुन्छ। विपद्को कठिन अवस्थामा व्यवसायलाई निरन्तरता दिनुपर्ने चुनौती एकातिर रहन्छ भने अर्कोतिर समुदायलाई सक्दो सहयोग गर्नुपर्ने मानवीय कर्तव्य पनि रहेको हुन्छ । हरेक किसिमका विपद्को बेलामा सहयोगी भूमिका खेल्दै आएको निजी क्षेत्र विपद् प्रतिकार्यमा आफ्नो योगदान र भूमिकालाई बढाउँदै लगेको छ । तर निजी क्षेत्रबाट भएको योगदानको व्यवस्थित योजना बनाउने र अभिलेख भने छैन । निजी क्षेत्रले विपद्को समयमा ठूलो योगदान पुऱ्याउने गरेको कार्यलाई उचित मूल्यांकन तथा मान्यता सरकारी निकायले दिन सके आगामी दिनमा सम्भावित र आकस्मिक विपद्मा निजी क्षेत्रलाई समावेश गराउन तथा अझ उत्साह थप्ने छ ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निजी क्षेत्रको भूमिका बढाउनुपर्ने आवश्यकता कत्तिको देख्नुहुन्छ ?**

विपद्को क्षेत्र बढ्दो छ, यसले गर्ने क्षति नोक्सानी पनि बढी रहेको छ । पछिल्लो समयमा यसको रिपोर्टिङ पनि हुन थालेको अवस्थामा निजी क्षेत्र राहत वितरणमा मात्र सिमित भएको जस्तो देखिन्छ तर राहत वितरणबाट निजीक्षेत्र पूर्व तयारी तथा क्षमता विकासमा पनि काम गरिरहेको छ । विपद् प्रतिकार्यमा निजी क्षेत्रको संलग्नता बढाउनु पर्ने आवश्यकता र सम्भाव्य उपायको खोजी भइरहेको छ । यस सम्बन्धी विभिन्न अभ्यासहरु पनि बढेका छन् । सरकारी नीति, संयन्त्र, योजनाले पनि निजी क्षेत्रको संलग्नतालाई परिकल्पना गरेको छ । तर सोही अनुसारको अभ्यास भने बढाउन आवश्यक देखिएको छ। निजी क्षेत्र पनि विपद्मा आफ्नो संलग्नता बढाउन सरकार, गैरसकारी क्षेत्र, संचार क्षेत्र लगायतसंग हातेमालो गर्न आवश्यक रहेको महशुस गरेको छ । विपद् र निजी क्षेत्रको बारेमा भएका छलफलले आगामी दिनमा विपद् र निजी क्षेत्रसम्बन्धीको काम गर्न एउटा नयाँ आधार तय गरेको छ । यसैमा टेकेर आगामी दिनमा विपद्को कार्य क्षेत्रलाई निजी क्षेत्रले अझ विस्तार गर्दै जानेछ ।

**हालसम्मको अनुभवबाट के पाठ सिकाई भएको छ त ?**

विपद् प्रतिकार्य संयुक्त प्रयासहरुबाट मात्र सफल हुन्छ तर यसलाई जति स्थानीयकरण गर्न सकियो त्यति नै प्रभावकारी र किफायती पनि हुन्छ भन्ने कुरा निजी क्षेत्रले पनि अनुभूत गर्न थालेको छ । विपद् विरुद्धको प्रतिकार्यलाई प्रभावकारी बनाउन संयुक्त पहल आवश्यक रहेको छ । आगामी दिनमा विपद् प्रतिकार्यमा स्थानीय पहलमा आधारित अभ्यासबाट प्राप्त भएका अनुभव, सिकाई र उपलब्धिलाई प्रदेश र संघ जस्ता माथिल्लो तहसम्म लैजाने गरी काम गर्नु पर्ने आवश्यकता सबै क्षेत्रबाट महसुस गरिएको छ। यो प्रक्रियामा निजी क्षेत्रलाई पनि स्थानीय तहदेखि प्रदेश र संघीयता तहसम्म नै जोड्न थप संयुक्त प्रयासको आवश्यकता छ । अर्को तर्फ निजी क्षेत्रले पनि विपद्मा आफ्नो व्यवसायलाई कसरी सुरक्षित बनाउँने भन्ने बारेमा धेरै काम गर्न आवश्यक रहेको देखिन्छ । पछिल्लो समयमा यस बारेमा पनि छलफल हुन थालेको छ । अबका दिन यस सम्बन्धमा पनि काम गर्नु आवश्यक छ । हामी यसतर्फ काम गर्न प्रयास गर्नेछौं ।

**विपद् जोखिम न्यूनीकरणमा नेपाल उद्योग वाणिज्य महासंघले कसरी काम गरिरहेको छ ?**

राष्ट्रियस्तरमा आउने विपत्तीदेखि स्थानीयस्तरमा भएका विपद्का घटनाहरुमा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रदेखि जिल्लाका उद्योग संघहरुले सक्दो सहयोग गर्दै आएका छन् । कुनै पनि विपद्को अवस्थामा सरकारसँगै निजी क्षेत्र पनि राहत, उद्धार र प्रतिकार्यका लागि प्रभावित जनता र क्षेत्रमा पुग्ने गरेको छ । राहत वितरणमा कुनै एक व्यापारी वा व्यवसायीले मात्र नभई संगठित भई महासंघ लगायत अन्य वस्तुगत संघहरुको भूमिका अहम् रहेको हुन्छ । विपद्बाट जनधनको क्षति हुने, भौतिक पूर्वाधारहरुको नोक्सान हुने सामना गर्नुपर्ने सम्भावित समस्या जस्तैः बेरोजगारी, राजश्वमा कमी आउने, पूर्वाधारहरु निर्माणमा बाधा पर्ने, सञ्चालनमा रहेका पूर्वाधारहरु बन्द हुने जस्ता कुराहरुलाई न्यूनीकरण गर्नका लागि नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट अघिल्लो वर्षको बजेट, मौद्रिक नीतिमा धेरै सुझावहरु दिएका थियौ । ती सुझावहरुमध्ये केही सुझावहरु सरकारबाट सम्बोधन पनि भएको छ ।

**तपाईं महासंघको वरिष्ठ उपाध्यक्ष र एक कुशल व्यवसायी पनि हुनुहुन्छ । यसमा सरकारलाई निजी क्षेत्रको सुझाव के रहन्छ ?**

विपद्को क्षेत्रमा निजी क्षेत्रको संलग्नताले निजी क्षेत्रको उद्योग व्यवसायलाई पनि बलियो बनाउँन सहयोग पुग्छ । यसका लागि उद्योग वाणिज्य महासंघ सरकार र अन्य सम्बन्धित् क्षेत्रसंग सहकार्य गर्न तयार छ । निजी क्षेत्रबाट सामाजिक उत्तरदायित्वका क्षेत्रमा भएको योगदानलाई सरकार तथा नियम कानूनले सहयोग गर्ने गरी नीति निर्माण भयो भने यस क्षेत्रमा काम गर्न निजी क्षेत्रलाई अझ बढी उत्साह र प्रोत्साहन मिल्नेछ । सरकारले निजी क्षेत्रलाई विपद् प्रतिकार्यमा संलग्न गराउने क्रम बढेको छ । यो राम्रो हो । निजी क्षेत्रले विपद्मा अझ धेरै योगदान गर्न सक्ने वातावरण बनाउँनका लागि सरकारका सम्बन्धित् निकायहरुले केन्द्र देखि प्रदेश हुदै स्थानीय तहसम्म काम गर्नु पर्छ । यसमा निजी क्षेत्र हातेमालो गर्न तयार छ ।

# विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको सहभागितामा जोड



विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता र दायित्व विषयक कार्यशाला सम्पन्न भएको छ । कर्णाली प्रदेशको सुर्खेतमा आयोजित उक्त कार्यक्रम फ्रेन्ड्स सर्भिस काउन्सिल नेपाल, नेपाल युवा संस्था संजाल (आयोन), सामुदायिक रेडियो प्रसारक संघ (ACORAB), भोलेन्टरी सर्भिस ओभरसिज (VSO), डिपिनेट नेपाल र राष्ट्रिय विपद् व्यवस्थापन संजाल नेपाल संगको सहकार्यमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आयोजना गरेको थियो । फागुन २६ गते आयाजित उक्त कार्यशालामा विपद् जोखिम व्यवस्थापनमा निजी क्षेत्रको भूमिका, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च र यसका ९ वटा विषयगत समूहका बारेमा निजी क्षेत्रलाई जानकारी गराउन तथा प्रदेश स्तरमा कार्यमञ्चको बिस्तार गर्ने उद्देश्यले कार्यशाला आयोजना गरिएको थियो ।

कार्यशालामा कर्णाली प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव प्रेम गिरीले विपद् प्रतिकार्यमा निजी क्षेत्रको संलग्नता बढाउन सकिने प्रसस्त ठाउँ भएको भन्दै यसका लागि आवश्यक सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताउनुभयो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव ऋषिराज आचार्यले विपद्का समयमा स्रोत साधन परिचालनका हिसाबले निजी क्षेत्र निकै अगाडि रहेको बताउनुभयो । यसका साथै, विपद् जोखिमका विषयमा तीनै तहको समन्वय नहुँदा चुनौतीहरु उत्पन्न हुने समेत उहाँको भनाइ थियो । कोरोना महामारीको प्रसङ्ग जोड्दै उहाँले आफू सङ्कटमा रहेर पनि जनताको सेवामा तल्लिन रहने निजी क्षेत्रलाई सरकारसँग जोड्न सकिए अझै प्रभावकारी हुने बताउनुभयो ।

डिपिनेटका कार्यवाहक अध्यक्ष डा.राजु थापाले विपद् जोखिम न्यूनीकरणमा सरोकारवाला एक्लैले मात्र सम्बोधन गर्न नसक्ने भन्दै हरेकको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । विपद्का समयमा निजी क्षेत्रले गरेको सहयोग तथा राहत वितरणका कार्यक्रम छरिएको भन्दै त्यसलाई एकद्वार प्रणालीबाट गर्न सकिए अझै प्रभावकारी नतिजा निस्कनेसमेत उहाँको भनाई थियो ।

निजी क्षेत्रका ४५ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा अधिकांश सहभागीहरुले कोरोना महामारीले उद्योग व्यवसायको निरन्तर सञ्चालनमा समस्या उत्पन्न भएको भन्दै यस्ता महामारीका जोखिम कम गर्न निजी क्षेत्रको भूमिकाको बारेमा पाठ सिकाएको बताएका थिए । विपद् व्यवस्थापनमा निजी क्षेत्रको संलग्नतालाई अझ विस्तार र व्यापक बनाउनु पर्ने र त्यसका लागि आफूहरु तयार रहेको उनीहरुको भनाइ थियो ।

# राजापुरको बाढीजन्य विपद्मा निजी क्षेत्रको सक्रियता



विपत् जोखिमका हिसावले उच्च जोखिम रहेको जिल्ला मध्येको बर्दिया पनि एक हो । यस जिल्लाको राजापुर नगरपालिका बाढीजन्य विपद्को उच्च जोखिममा रहेको छ । यस वर्षको मनसुन समाप्त भएको साता दिनभित्रै अर्थात वि.सं.२०७८ असोज ३१ देखि कात्तिक १ र २ गते परेको अविरल वर्षाले नराम्ररी प्रभावित बनायो । नदीतटीय क्षेत्र भएकाले वि.सं.२०४० सालयता दर्जनौं पटक डुबानमा परिसकेको राजापुरका उत्तर-पश्चिमी वडाहरू पटक-पटक बाढीको चपेटामा पर्ने गरेको छ । कर्णाली नदीको बाढी कुनै पनि बेला आउन सक्ने भएकोले यहाँका करिब एक लाख बासिन्दा असुरक्षित महसुस गरिरहेका छन् । यसपटकको वेमौसमी वर्षापछि कर्णाली नदीबाट आएको बाढीले ठूलै बितण्डा मच्चायो ।

खासगरी काटेर खेतमा राखेको तथा काट्न ठिक्क अवस्थामा रहेको धान बालीमा ठूलो क्षति पुग्यो । धान खेतीका लागि देशकै प्रसिद्ध मानिएको राजापुरका मौलतपुर, चनौरा, नैगापुर, चख्यापुर, त्रिरा लगायत बस्तीमा नोक्सानी गरेको छ । राजापुरको १,५०० हेक्टरमा काटिएको धान बाली बाढीले बगाएको एकीकृत कृषि तथा पशुपक्षी कार्यालय बर्दियाले जनाएको छ । वर्षाले खेतमा काटेर राखिएको आधाभन्दा बढी धान बगाएर लग्यो, बग्नबाट बचेको धान खेतमै उम्रियो । बाढीबाट राजापुरको वडा नं १ मा ७४८, वडा नं ३ मा १२० र वडा नं ७ मा १५९ गरी १,२०७ घरपरिवार प्रभावित बनेको नगरपालिकाले जनाएको छ ।

बाढीका कारण यहाँका किसानहरुले भित्र्याउनै लागेको धानबालीमा ठूलो नोक्सानी व्यहोर्नु परेपनि मानवीय क्षति भने भोग्नुपरेन । विपद्को पूर्वतयारी, प्रतिकार्यदेखि राहत उद्धारमा स्थानीय निकाय, गैरसरकारी संस्था र निजी क्षेत्रको सक्रियताका कारण पीडितहरूले पनि तत्कालै आवश्यक सहयोग प्राप्त गर्न सकेका थिए । वर्षेनीजस्तो बाढी र डुबानको समस्या झेल्दै आएको राजापुर नगरपालिकाका बासिन्दा सम्भावित विपद्को बारेमा धेरै नै जानकार देखिन्छन् । विपद्को पूर्व सूचना प्रणालीको जडानदेखि राहत उद्धारका लागि आवश्यक सामग्रीको जोहो पनि गरिएको छ । यस पटकको विपद्को समयमा पनि घटना लगत्तै पीडितको लगत सङ्कलन गरी आवश्यक राहत उद्धार, पुनः स्थापनाका कामहरु भएको नगर प्रमुख शिवप्रसाद चौधरी बताउनुहुन्छ ।

बाढीलगायत प्राकृतिक विपद्को अवस्थामा प्रभावित जनतालाई आवश्यक राहतको व्यवस्था गर्न र उद्धार एवं पुनर्स्थापनामा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने गर्दछ । नेपालको निजी क्षेत्रले हरेक

*पृष्ठ ५ मा क्रमश...*

पृष्ठ ४ बाट क्रमश...

विपद्मा राहत र उद्धारमा उल्लेख्य योगदान गरेको छ । जोखिमको उपयुक्त विश्लेषण र मूल्यांकन गरी निजी क्षेत्रबाट क्षतिको पुर्नभरणको लागि जोखिम तथा क्षमताको आधारमा वित्तीय लगानी बढाउने उपयुक्त औजारको संयोजन गर्न सकिन्छ। राहत वितरणमा सिमित रहेको निजी क्षेत्रको विपद् प्रतिकार्यलाई पूर्वतयारी र क्षमता विकासमा पनि विस्तार गर्न आवश्यक देखिएको छ । सेन्डाइ फ्रमेवर्कले पनि निजी क्षेत्रलाई विपद् जोखिम न्यूनीकरणको वृहत्तर आयाममा परिकल्पना गरेको छ ।

यस पटकको राजापुरको बाढीजन्य विपद्मा पनि निजी क्षेत्रले प्रभावित जनतालाई अन्य निकायसम्म पुग्नु अगावै खाद्यान्न, पाल, लत्ताकपडा, पिउने पानीको प्रबन्ध गरेको थियो। बाढीमा पीडितहरूलाई राहत सामग्री उपलब्ध गर्नेदेखि प्रतिकार्य र उद्धार कार्यमा निजी क्षेत्रको भूमिकाको उच्च प्रशंसा भएको छ । स्थानीय सरकार र गैरसरकारी संस्थाको समन्वय र सहकार्य हुन सक्दा नै प्रभावकारी रुपमा राहत उद्धारका काम गर्न सकिने बर्दिया निर्माण व्यवसायी संघका अध्यक्ष भेषराज पौडेल बताउनुहुन्छ। “विपद्को बेला राज्यको मुख ताक्नुभन्दा सबैले आफूले सक्दो सहयोग गर्नु मानव धर्म भएकाले हामीले सरोकारवाला निकायहरूको समन्वयमा काम गर्‍यौँ“, पौडेलले भन्नुभयो । निजी क्षेत्र नाफामुखी मात्र नभएर सेवामुखी पनि हुन सक्छ भन्ने उदाहरण यस्ता विपद्का घटनामा गरिएको सहयोग र सक्रियताबाट पुष्टि भएको बताउँदै सरकारी निकायले पनि निजी क्षेत्रलाई सहयोगीका रूपमा स्वीकार गर्नुपर्ने उहाँको तर्क छ ।

नेपालको विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यढाँचाले गरेका हरेक किसिमका विपद् प्रतिकार्यका क्रियाकलापलाई स्थानीय तहसम्म जोड्न सके विपद् प्रतिकार्यको सामूहिक प्रयासलाई सजिलो र प्रभावकारी बनाउन सहयोग पुग्ने यसपटकको बाढीजन्य विपद्को घटनाले पनि पुष्टि गरेको छ। निजी क्षेत्रले विपद्को क्षेत्रमा गर्ने बहुसाझेदारी कार्यले आगामी दिनमा सेन्डाइ कार्यढाँचाले परिकल्पना गरेको विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न सक्दछ । यो क्रियाशीलता राजापुरको बाढीको समयमा पनि देखिएको छ । निर्माण व्यवसायी सङ्घ बर्दियामा आवद्ध निर्माण व्यवसायीहरुसंग रहेको हेभी उपकरणहरुको विवरणमा विपद्को अवस्थामा उद्धार कार्यका लागि विभिन्न १९ वटा निर्माण कम्पनीहरुले आफूसँग स्काभेटर, टिपर, भ्याकुम लोडर, रोलरको प्रयोग गर्नसक्ने जनाएका छन् ।

**तीनै निकायको समन्वयात्मक भूमिका**

विपद्को तत्कालको अवस्थामा पीडितहरूलाई राहत, उद्धार र पुनः स्थापनामा खासगरी स्थानीय सरकार र स्थानीयस्तरमा कार्यरत संघसंस्था एंव निजी क्षेत्र नै मुख्यरुपमा क्रियाशील रहेका थिए । प्रमुख जिल्ला अधिकारीको सक्रियतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी आवश्यक उद्धार तथा राहतको कामहरू सञ्चालन भएको देखिन्छ। सुरक्षाकर्मी, राजनीतिक दलका स्थानीय प्रतिनिधि, विभिन्न गैरसरकारी संघ संस्था, रेडक्रसका कार्यकर्ताहरू मार्फत पीडितहरूको उद्धार गरिएको थियो । जिल्ला विपद् व्यवस्थापन समितिले हरेक आश्रय स्थल, स्थानीय निकायहरू राहत वितरण गर्न संयन्त्र बनाई क्रियाशील बनाइएको थियो ।

राजापुर नगरपालिकाले आफ्नो नगर क्षेत्रमा आउनसक्ने प्राकृतिक विपद्को अवस्थामा प्रभावित समुदायका मानिसको तत्काल उद्धारका लागि आवश्यक साधन, उपकरणको व्यवस्था गरेको छ। नगरपालिकाले विभिन्न नीतिगत व्यवस्था गर्नुका साथै आवश्यक पूर्वतयारी र विपद्पछिको प्रतिकार्यका लागि विभिन्न स्रोत साधनको प्रबन्ध गरेको जनाएको छ । विपद् व्यवस्थापन कोषमा रु ५० लाख छुट्याइएको छ । यसबाहेक विभिन्न निकायहरुसँग समन्वय गरी सिँचाइ, तटबन्ध लगायतका कार्यहरुमा पनि जोड दिइएको पालिकाका विपद् सम्पर्क व्यक्ति खुशीराम चौधरीले जानकारी दिनुभयो । खोज तथा उद्धारका सामग्री जस्तैः रवर टयुव, डुंगा, डोरी, लाइफज्याकेट तीनवटै सुरक्षा निकाय र आठ ओटै स्थानीय तहमा भण्डार गर्ने प्रबन्ध मिलाएको छ ।

संकटासन्न समुदायहरुको बाढी उत्थानशिलता मापन गर्ने र सो को नतिजा सरोकारवाला र स्थानीय सरकारलाई जानकारी गराउने, विपद् जोखिम न्यूनीकरणमा लगानि अभिबृद्धि गर्नका लागि स्थानिय सरकार, निजी क्षेत्र र समुदायको बिचमा अन्तरक्रियात्मक बैठकहरु संचालन गर्ने, समुदायमा आकस्मिक उपकरणहरु, खाद्यबस्तु र अति आवश्यक सामानहरुको सुरक्षा गर्नका लागी जनचेतनामूलक अभियान संचालन गर्ने कामलाई प्राथमिकता दिएको थियो । त्यस्तै पालिकाले पूर्वसूचना प्रणाली कार्यदललाई पूर्वानुमानमा आधारित पूर्वसूचना प्रणालीसम्बन्धी अभिमूखिकरण संचालन गर्ने, बाढीको समयमा समुदायलाई आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्वास्थ्य संस्थाहरुसंग अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गर्ने, विपद् जोखिम न्यूनीकरणका गतिविधिमा समुदायको सहभागिताका लागि अन्तरक्रिया कार्यक्रम संचालन गर्ने तथा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माणका लागी बजेटको व्यवस्था गरेको छ ।

यसरी विपद् व्यवस्थाका क्षेत्रमा स्थानीय तहका विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु एवं निजी क्षेत्रको सहकार्य उपलब्धिमूलक देखिएको यसपटकको बाढी विपद् प्रतिकार्य गर्ने क्रममा प्राप्त अनुभव र सहिकार्यले पुष्टि गरेको छ । विपद् प्रतिकार्यलाई अझै प्रभावकारी बनाउँन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनले निकै सहयोग पुग्ने देखिन्छ ।

# महिला संलग्न उद्यममा विपद् जोखिम न्यूनीकरणको पहल बढाउन आवश्यक




प्रतिष्पर्धात्मक क्षमताले उद्यमशीलताको विकास गर्न सघाउने भएकाले महिला उद्यमको विकासलाई निजी क्षेत्र र महिला उद्यमीका पेशागत संगठनहरुले पनि प्राथमिकतामा राखेका छन् । तर पनि महिला संलग्न उद्यमको विकासमा विभिन्न बाधाहरु देखिन्छन् । एकातिर उद्यममा सिमित महिलाको संलग्नता, अर्को तर्फ संलग्न भएका महिलाहरु पनि विभिन्न कारणले उद्यमलाई निरन्तरता दिन नसकिरहेको अवस्था छ । त्यस मध्येको एउटा कारण विपद् पनि भएकाले विपद् र महिला उद्यमको अन्तरसम्बन्ध र अवस्थालाई गहन रुपमा केलाएर, त्यसका बाधा व्यवधान र चुनौतिहरुलाई सम्बोधन गर्ने गरी काम गर्न आवश्यक रहेको सरोकारवालाको भनाई छ ।

आवश्यक नीतिहरु बनाई त्यस अनुसार उनीहरुलाई सहयोग गर्न सकियो भने महिला उद्यमलाई प्रवर्द्धन गर्न सकिन्छ भन्ने विभिन्न क्षेत्र, निजी क्षेत्र, महिला उद्यमी सबैको भनाई छ । वि.सं.२०७८ साल फागुन १२ र १३ गते भएको विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय सम्मेलनमा महिला उद्यमी महासंघ (एफविइन) का तर्फबाट प्रस्तुत गरिएको एक कार्यपत्रमा पनि सो कुरालाई उठान गरिएको छ । एफविनले तयार परियोजनासंग को सहकार्यमा गरेको एक अध्ययन अनुसार विपद्ले गर्दा महिला उद्यमी निकै प्रभावित भएका र विपद्को बारेमा महिला उद्यमीहरुको सचेतनाको स्तर समेत न्यून रहेको छ ।

अध्ययन अनुसार ८७ प्रतिशत महिलाहरु विपद्को पूर्वतयारीको बारेमा जानकार छैनन् भने १३ प्रतिशत महिलाहरु मात्र यसको बारेमा जानकार छन् । त्यसै गरी ३६ प्रतिशत महिला उद्यमीहरु कुनै न कुनै तरिकाले विपद्बाट प्रभावित भएका छन् । १५ प्रतिशतले मात्र आफ्ना कर्मचारीको बिमा गरेका छन् भने ४० प्रतिशत महिला उद्यमीहरुले आफ्नो व्यवसायको बिमा गरेका छैनन् । अध्ययन अनुसार ७७ प्रतिशत महिला उद्यमीले त व्यवसाय निरन्तरता योजना बनाएका छैनन् । यो तथ्यले महिला उद्यमीहरु विपद् जोखिम र व्यवसायको अन्तर सम्बन्धको बारेमा न्यून जानकार रहेको देखाउँछ । यस बारेमा जानकारी न्यून हुनु भनेको उनीहरुको व्यवसायमा जोखिम उच्च हुनु हो ।

तथ्य अनुसार विपद्को कारणले गर्दा उद्यमलाई नै नकारात्मक असर पार्ने तथा जोखिम समेत उच्च हुने भएकाले महिलाको आर्थिक रुपान्तरण तथा आर्थिक क्रियाकलाप बढाउनका लागि पनि विपद्लाई महिला उद्यमसंग जोडेर हेर्नुपर्ने सहभागिहरुको भनाई थियो ।

विपद् जोखिम न्यूनीकरण र महिला उद्यमशीलतालाई जोडेर काम गरेमा उद्यम विकास र उद्यम सुरक्षा बढाउदै उद्यम जोखिमलाई न्यून गर्न सकिने भएकाले आगामी दिनमा यो विषयलाई प्राथमिकतामा राखेर काम गर्न सहभागिहरुले सुझाव दिएका थिए ।

आगामि दिनमा निजी क्षेत्रले पनि महिला उद्यम सहभागिता बढाउन गर्ने कामहरुमा विपद्को सवाललाई जोड्न सहभागिहरुले सुझाव दिएका थिए । महिला उद्यम र विपद्लाई प्रभावकारी ढंगले जोड्न समुदाय, स्थानीय सरकार, प्रादेशिक सरकार, संघीय सरकारहरु बीच पारस्परिक समन्वय जरुरी रहेको र यसमा निजी क्षेत्रले पनि हातेमालो गर्नुपर्ने बताइएको थियो । यसका लागि बहस, छलफललाई थप शसक्त बनाउँदै खासगरी विपद्को पूर्वतयारी र प्रतिकार्य जस्ता कुराहरुमा पनि व्यवसायीक क्षेत्रलाई संलग्न गराउनु पर्नेमा जोड दिइएको थियो । व्यवसायीक क्षेत्रले पनि विपद् जोखिम न्यूनीकरणको ख्याल गर्दै व्यवसाय निरन्तरता योजना बनाउने र विपद् जोखिम न्यूनीकरणमा सरकारी, निजी क्षेत्र, समुदाय, उद्यमी, निजी क्षेत्रका संगठनहरु सबैले हातेमालो गरेर अगाडी बढ्नुपर्ने सहभागि सबैको मतैक्य थियो ।

# विपद्मा प्रयोग हुने सामानको सूची तयार गर्न निजी क्षेत्रलाई आग्रह




राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसंगको सहकार्यमा आयोजना गरिएको भर्चुअल माध्यमबाट निजी क्षेत्रको विषयगत समुहसंगको आवधिक बैठकमा विपद्मा प्रयोग हुने सामानको कर छुटका लागि पहल गर्न सहभागिहरुले जोड दिएका छन् ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च अन्तर्गतको उक्त समूहको बैठकमा नेपाल उद्योग वाणिज्य महासंघका उपमहानिर्देशक तथा कार्यक्रमका अध्यक्ष गोकर्ण अवस्थीले नेपाल उद्योग वाणिज्य महासंघले विपद्को समयमा आयात गर्नुपर्ने विभिन्न वस्तुको सूची तयार गर्नु पर्ने र यसले गर्दा सरकारलाई कर छुटका लागि अनुरोध गर्न सकिने बताउनुभयो । भर्चुअल माध्यमबाट आयोजना गरिएको छलफलमा उँहाले अब बाढि पहिरो लगायतका विपद् हुने समय नजिकिदै गरेकाले अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता समेत सुनिश्चित गर्ने सूची तयार गर्नु पर्ने बताउनुभयो ।

नेपाल प्रत्येक वर्ष बाढीको जोखिममा रहेकाले यो कार्य यथाशीघ्र सम्पन्न हुनुपर्ने र यस्ता वस्तुको सूचीले विपद्को समयमा आधार भूत मानवीय आवश्यकता परिपूर्तिगर्न सहज हुने निजी क्षेत्रका अन्य सहभागिहरुको भनाई थियो । डिपिनेटका कार्यवाहक अध्यक्ष डा. राजु थापाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च अन्तर्गत निजी क्षेत्र संलग्न विषयगत समूहको भूमिका निकै महत्वपूर्ण हुने भन्दै विपद्संग जोडिएका आवश्यक वस्तुहरूमा कर छुटका लागि पहल गर्नु पर्ने र यसको शुरुवातका लागि एनपीडीआरआरको मार्गदर्शन परिमार्जन आवश्यक रहेको बताउनुभयो । ग्लोबल प्लेटफर्म फर डिजास्टर रिस्क रिडक्सनमा नेपालले गरेको कामको प्रस्तुतीका लागि तयारी गर्नु पर्ने र यसका लागि निजी क्षेत्रलाई काम गर्न सुझाव दिनु भयो ।

छलफलमा सहभागिहरुले निजी क्षेत्रले काम गर्न सक्ने र कार्यान्वयन योग्य कार्यहरूको सूची तयार गर्नु पर्ने, विपद्संग जोडिएका सामानको कर छुट सम्बन्धी सूची नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा तयार गर्नुपर्ने बताएका थिए । विश्वव्यापी र राष्ट्रिय मापदण्डलाई ध्यानमा राखी कर छुटका लागि आवश्यक वस्तुहरूको सूची तयार गर्दा यस क्षेत्रमा कार्यरत रेडक्रस जस्ता संस्थासँग परामर्श लिएर अघि बढ्नु पर्ने सहभागिहरुको सुझाव थियो ।

## अनुरोध

**प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट) ले मासिक रुपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

USAID
अमेरिकी जनताबाट
DPNet Nepal
Fostering Knowledge on Disaster

**प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय**
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौं
फोन नं. : ०१-४६७२१६५, ६२२६६१२
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np

**स्वीकारोक्ति**

यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।